नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
( प्रशासन शाखा )
मिनभवन, काठमाडौं, नेपाल

फोन नं. ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५७
इमेल : info@dos.gov.np

पत्र संख्या: २०७६/७७/१/४
प्राप्त पत्र संख्या:.............
च.नं.: ११०८

मिति : २०७६/१२/१०

विषय :- परिपत्र सम्बन्धमा ।

श्री स्थलरुप नापी तथा भूउपयोग व्यवस्थापन महाशाखा, नापी विभाग ।
श्री कित्तानापी महाशाखा, नापी विभाग ।
श्री खगोल तथा भूमापन महाशाखा, नापी विभाग ।
श्री भौगोलिक सूचना पूर्वाधार महाशाखा, नापी विभाग ।
श्री नापी कार्यालयहरु सबै ।
श्री विशेष नापी कार्यालयहरु सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं १५९६ मिति २०७६।१२।०७ को पत्रसाथ प्राप्त कोरोना भाइरस (COVID-19) बारे जानकारी एवम सजगता अपनाउने सम्बन्धको परिपत्रको छाया प्रति जानकारी एवम आवश्यक कायार्थ यसै साथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

७६।१२।१०

( धृता कुमारी खत्री )
शाखा अधिकृत

**बोधार्थ**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा प्रविष्ट गरिदिनुहुन ।

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः-४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

प.सं. : २०७६/७७/१(१)२४
च.नं. : १५९६

मिति :- २०७६/१२/०७

विषयः- कोरोना भाइरस (COVID -19) बारे जानकारी एव सजगता अपनाउने सम्बन्धमा ।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, ववरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँवानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँबानेश्वर ।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ।
श्री राष्ट्रिय सहकारी विकास वोर्ड, हरिहरभवन, पुल्चोक ।

नापी विभाग
दर्ता नं. ४४०४
२०७६-१२-१०

प्रस्तुत विषयमा कोरोना भाइरस (COVID -१९) वाट नेपाल पनि उच्च जोखिममा रहेको हुँदा यसवाट वच्न बिभिन्न उपायहरु अपनाउनु अति जरुरी भइसकेको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको जोखिमका कारण नेपालले पनि उच्च सजगता अपनाउनु पर्ने अवस्थाका सन्दर्भमा देहायका बिषयहरुलाई समेत ध्यान दिई कोरोना भाइरस संक्रमणको जोखिमवाट बच्ने उपायहरु अपनाउन तथा स्वास्थ्य सुरक्षा संबेदनशील रहन तहाँ र मातहत कार्यालयहरुमा समेत जानकारी एवं सजगता अपनाउने व्यवस्था लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

१. कार्यस्थलमा जाँदा सङ्क्रमण रोकथामका आधारभूत उपायहरु (मास्क, साबुन, पानी, स्यानीटाइजर आदि) अपनाउने र अपनाउन लगाउने ।
२. समय समयमा साबुन पानीले हातधुने सेवाग्राहीहरुलाई समेत सम्भव भएसम्म सो ब्यबस्था मिलाइ सरसफाई र Disinfection मा विशेष ध्यान दिने ।
३. जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा स्थानीय तहहरुसँग आवश्यक समन्वय गरी कार्यालयको टोकन प्रणाली र भिडलाई व्यवस्थित गर्ने ।
४. सरकारवाट जारी भएका निर्णय तथा निर्देशनहरुको पालना गर्ने । हल्ला र अफवाहबाट भ्रमित र प्रभावित नहुने ।
५. सरकार वा सरकारका आधिकारीक निकाय तथा संस्थाहरुले जारी गर्ने सूचना र जानकारीलाइ मात्र आधार मान्ने । सावधान रहने तर आतंकित नहुने ।
६. चिकित्सक, विज्ञ तथा स्वास्थ्य प्रविधिकहरुको सल्लाहलाई पालना गरी धैर्यता कायम राख्ने र संयमता अपनाउने ।
७. सकेसम्म कार्यालयमा भिडभाड हुन नदिने । भिडभाड हुने स्थानहरुमा नजाने ।
८. हिडडुल गर्दा माक्सको प्रयोग गर्ने ।
९. भेटघाटमा हात मिलाउने अंकमाल गर्ने भन्दा नमस्कार गर्ने ।
१०. अति आवश्यक काममा बाहेक अन्य समयमा बाहिर ननिस्कने । आदि ।

(टोलराज उपाध्याय)
उप-सचिव